६६४

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ४८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल .........................................................१ पुनरावेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, हुम्ला .........................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, हुम्ला ......................................................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, हुम्ला समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ को आदेश कार्यान्वयनका लागि मिति २०७१।०९।०१, च.नं.६७८/३१७ को पत्र मार्फत पत्राचार भई मिति २०७१।१२।२९, च.नं. ७८९ को पत्रबाट ताकेता समेत भएकोमा जिल्ला प्रशासन कार्यालय, हुम्लाको मिति २०७२।०१।२४, च.नं. ६०४ को पत्रबाट पुनरावेदकले माग गरेको सूचना यस आयोगमा समेत पठाई सोको बोधार्थ पुनरावेदकलाई समेत दिएको देखिदा निजले सूचना पाइन भनी पुनः आयोगमा पुनरावेदन गरेको बखत फाइल संलग्न प्रतिलिपिबाट उपलब्ध गराउन सकिने नै हुँदा हाल यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।